

# अध्याय -१

# येशूले जित्नुहुन्छ-सैतान हार्दछ

यस अध्यायका मूल पदहरू: प्रकाश १२; एफिसी ५:२५-२७,३२; फिलिप्पी ३:९; व्यवस्था ७:२५; यशैया १४:१२-१४ र प्रकाश १३:१४-१७।



**यस अध्यायको मूल सार पदः** "तब त्यो अजिङ्गर त्यस स्त्रीसँग क्रोधित भयो, र त्यसका बाँकी सन्तानसँग युद्ध गर्न गयो' अर्थात् तिनीहरूसँग, जुनहरूले परमेश्वरका आज्ञाहरू पालन गर्दछन्, र येशूको गवाही दिन्छ।" प्रकाश १२:१७।

इतिहासकार कर्माक ओ ब्रायनले आफ्नो पुस्तक *आउटनम्बरडः इन्क्रिडिबल स्टोरिज अभ हिस्टोरिज मोस्ट सर्प्राइजिङ्ग बाट्टलफिल्ड अपसेटसमा* पौराणिक युगमा घटेका अचम्म युद्धहरूको बारेमा कथाहरू लेखेका छन्। युद्धभूमिमा शत्रुहरूको भन्दा आफ्न सैनिकहरू थोरै भएपनि योद्धाहरूले कसरी जितेका थिए भन्ने कथाहरू त्यस पुस्तकमा समावेश भएको छ। ई.पू. दोस्रो शताब्दीमा आधुनिक ट्युनिसियाको सहर कार्थाजीमा आफ्नो ५५,०० सैनिकहरूको सहयोगले सेनापनि हानिबालले रोमको प्रख्यात ८०,००० सैनिक बल जसलाई कसैले हराउन नसक्ने भन्थ्यो, हराइदिएको थियो। यही पुस्तकमा अलेक्जान्डर महानको थोरै ग्रीक फौजले पर्सिया साम्राज्यलाई कसरी हराइदियो भन्ने अचम्मको कथा छ।

हामी पनि छट्टु शत्रुसँग जीवन मरणको युद्ध खेलिरहेकाछौं। हामी थोरैछौं तर हामीभन्दा विश्वासै गर्न नसकिने ठूलो फौजसँग संग्राम गरिरहेकाछौं। दुष्ट सैतानका शक्तिहरू हराइने खालका छैनन्। इसाई इतिहासमा हेर्दा हामीहरू सैतानसँगको युद्धमा हारीरहेका जस्तो देखिन्छ। हामीमाथि आक्रमण गर्ने धार्मिक, राजनैतिक, सामाजिक आदि निकायहरू हामीभन्दा धेरै छन् र तिनीहरूलाई हराउन असम्भव देखिन्छ। हामीले जित्ने त कुरै देखिँदैन। केवल मानिसको दृष्टिकोणले हेर्दा सैतानका फौजहरूले हामीमाथि प्रभुत्व बनाएर नै छोड्छ जस्तो देखिन्छ।

तर, परमेश्वरलाई धन्यवाद होस्, मानवीय हिसाबले हामी थोरै हौंला, त्यसैले सैतान र उसको फौजको आक्रमणहरू भयानक होला। तर, आखिरमा येशूको सहयोगले हामी जित्नेछौं। बाइबलको अन्तिम पुस्तकको मूल विषयबस्तु नै यो होः येशूले जित्नुहुन्छ, सैतान हार्छ। येशू, उहाँका जनहरूको बीचमा र सैतानको बीचमा भइरहेको युद्धको मूख्य विवरणको रूपरेखा प्रकाश १२ दिएको छ। यस अध्यायको मूख्य विषयबस्तु नै यो हो।

यस अध्ययनले प्रकाश १४ र तीन स्वर्गदूतहरूका सन्देशहरूलाई बुझ्न पाठक वर्गहरूलाई तयार गरिनेछ।

## १. स्वर्गमा भएको युद्ध

प्रकाश १२ अध्यायमा युगौं युगदेखि चलिरहेको असल र खराबको बीचमा भइरहेको युद्धको नाटकिय श्रृङ्खलाको रूपरेखाको फ्याट्टफुट्ट मूख्य भागहरू यस अध्यायमा समावेश भएको छ। यो युद्ध स्वर्गमा सुरु भएको थियो अब स्वर्ग होइन यस पृथ्वीमा नै अन्तिम रूप दिएर समाप्त हुनेछ। यस श्रृङ्खलाले हामीलाई समयको प्रवाहको सुरुदेखि अन्त्यसम्म ल्याउँदछ। स्वर्गमा सुरु भएको सैतानको विद्रोहदेखि लिएर युगौं युमसम्म र अन्तिम दिनहरूसम्म उसको आत्मघाती आक्रमणलाई प्रकाश १२ ले खुलासा गरिएको छ।

**प्रकाश १२ः७-९मा असल र खराबको बीचमा भइरहेको द्वन्द्व वा सँग्रामको चित्रण गरिएको छ। तर, स्वर्गमै यो द्वन्द्व कसरी सुरु हुन सम्भव भयो त? ती पदहरूले आत्मनिर्णयको स्वतन्त्रता वा स्वविवेक प्रयोगको वास्तविकतालाई कसरी प्रस्तुत गरेको छ? हेर्नुहोस्, "अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। त्यो ठूलो अजिङ्गर तल फालियो— त्यो प्राचीन सर्प, जो सारा**

**संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।"**

आत्मनिर्णय गर्ने स्वतन्त्रता वा स्वविवेकलाई प्रयोग गरेर आफ्नो जीवनलाई चलाउने अधिकार परमेश्वरको राज्यको मौलिक नीति हो। त्यो चाहे स्वर्गमा होस् वा पृथ्वीमा होस्। परमेश्वरले यान्त्रिक वा रोबोट स्वर्गदूत र मानिस सृष्टि गर्नुभएन बरू उहाँकै स्वरूपमा मानव प्राणीलाई सृष्टि गर्नुभयो। हामी मानिस जातिमा नैतिक निर्णय गर्ने वा नगर्ने अधिकार छ।

आत्मनिर्णय गर्ने शक्तिसँग प्रेम गर्ने सामर्थलाई सँगसँगै जोडिएको छ। यदि आत्मनिर्णय गर्ने वा रोज्ने अधिकारलाई खोसियो भने प्रेम गर्ने क्षमतालाई नाश गर्दछ। कसैलाई पनि बलजफ्ति प्रेम गर्न उक्साउन सकिन्दैन। प्रेम नै स्वतन्त्र चाहनाले व्यक्त गर्ने भावना हो। स्वर्गको प्रत्येक स्वर्गदूतलाई परमेश्वरको प्रेमलाई स्वीकार गर्ने कि स्वार्थी, अहंकारी र घमण्डी भएर त्यसबाट तर्किने भन्ने स्वनिर्णयको स्वतन्त्रता दिएको थियो। स्वर्गका स्वर्गदूतहरूले प्रेम रहने र परमेश्वरलाई प्रेम गर्ने किन नगर्ने भन्ने निर्णयको सामना गरे थिए त्यसरी नै यस संसारमा भएको परमेश्वर र सैतानको युद्धमा कसको पक्षमा रहने र कसको प्रेम र स्नेहमा रहने आत्म निर्णय गर्ने स्वतन्त्रता हामी मानव प्राणीलाई सुम्पिएको छ।

महान् अन्तरद्वन्द्व वा परमेश्वर र सैतानसँगको भिषण संग्राममा कोही मानिसको लागि पनि मध्यम मार्ग भन्ने छैन। यस बारे येशूले स्पष्ट पार्नुभएको छ, "जो मेरो पक्षमा छैन, त्यो मेरो विरुद्धमा हुन्छ, र जसले मसँग बटुल्दैन, त्यसले छरपष्ट पार्छ।"

लूका ११:२३। येशूको पक्षमा छ कि सैतानको पक्षमा छ यो निर्णयको निरन्तरता युगको अन्तिम युद्धसम्म भइरहनेछ। जसरी प्रत्येक स्वर्गदूतले येशूको पक्षमा उभिने हो कि लुशिफरको पक्षमा उभिने हो भन्ने निर्णयको अधिकार पाएर कोही येशूको पक्षमा उभेका थिए भने कोही लुशिफरको पक्षमा थिए। कोही पनि स्वर्गदूत दोधार वा मध्यम बाटोमा उभेका थिएन, त्यसरी नै समयको अन्तमा सबै मानव प्राणीलाई कसको पक्षमा उभिने भन्ने रद्ध नहुने निर्णायक निर्णय गर्नुपर्ने हुन्छ। हाम्रो आराधना, निष्ठा, भक्ति कसप्रति हुने, कसको आज्ञा हामी पालन गर्ने? यो रोजाइको विषयबस्तु मानव जगतमा सधैं थियो र सधैं भइरहनेछ, तर पृथ्वीका इतिहासको अन्तको शङ्कटमा बढि नाटकिय ढँगले हुनेछ।

तर हामीलाई चकित पार्ने र विश्वासै गर्न नसकिने खुशीको खबर छः त्यस संग्राममा येशूले जित्नुहुनेछ भनेर प्रकाश १२ले ठोकुवा गर्दछ। हामी

सबैलाई जसले आत्मनिर्णयको स्वतन्त्रता पाएकाछौं हामी जित्ने पक्षमा उभिन रोज्न सक्दछौं। युद्धमा जित्ने पक्षमा उभिन निर्णय अहिले नै तपाईंले गर्नु सक्नुहुन्छ। त्यसकारण त्यस महान् अवसरलाई तपाईं नगुमाउनुहोस् भनि हामी आग्रह गर्दछौं।

**आत्म निर्णयको स्वतन्त्रता र के रोज्ने भनेर मानिसलाई दिएको अधिकार येशूको निम्ति कति पवित्र थियो सो सोच्नुहोस्। यही निर्णयले उहाँलाई क्रूसमा डोऱ्याइको थियो। "उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो। हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय वा चाहना र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो।"**

**२ तिमोथी १:९। त्यही येशू जसले आफ्नो आत्मनिर्णयको स्वतन्त्रता प्रयोग गरे आफूलाई हाम्रो निम्ति सुम्पिनुभयो त्यही येशूले हामीलाई पनि आत्मनिर्णय गर्ने स्वतन्त्रता दिनुभएको छ। त्यस परिप्रेक्ष्यमा, यस्तो पवित्र तर अति महंगो उपहारलाई हामीले कसरी होशियारसाथ अपचलन गर्नु पर्छ भनेर हामी कसरी सजग हुने?**

## २. सैतानको आक्रमण

येशूको जन्मैदेखि सैतानले येशूलाई नाश गर्न प्रयास गरेको थियो (प्रकाश १२:४,५)। तर, प्रत्येक प्रयासमा सैतान असफल भएको थियो। येशूको जन्ममा स्वर्गदूतले युशूफ र मरियमलाई हेरोडको निष्ठुर योजनालाई स्वर्गदूतले सजग गराएका थिए। अनि तिनीहरू मिश्र देश वा विदेशमा धेरै वर्षसम्मा पलायन हुन वाध्य भएका थिए। "यसरी लेखिएको छ" भनेर बाइबलबाटै उतारेर सैतानले येशूलाई अत्यन्तै लोभलाग्दो परीक्षा उजाड स्थानमा दिएको थियो। येशूले पनि "यसरी लेखिएको छ" भनेर बाइबललाई अशत्र बनाएर सैतानसँग सामना गर्नुभएको थियो। क्रूसमा उहाँको मृत्युले उहाँको प्रेमको पराकाष्टालाई प्रकट गर्नुभएको थियो। हामीले पाउने पापको दण्डको मोल उहाँले तिरेर त्यसबाट हामीलाई उम्काउनुभएको थियो। येशूको पुनरुत्थानले र हाम्रो निम्ति जीवित प्रधान पुजारी हुनुभएर हाम्रो जीवनमा हामीलाई पापको शक्तिबाट उद्धार गरिरहनुहुन्छ।

**देहायका पदहरू पढेर त्यहाँ उल्लेख गरेका प्रतिकहरूको अर्थ के हो सो हेर्नुहोस्:**

**"४ त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खड़ा थियो। ५ त्यस स्त्रीले सारा**

**जातिलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई। त्यसको बालक परमेश्वरकहाँ उठाइएर उहाँको सिंहासनमा लगियो। ६ त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो।... ९ त्यो ठूलो अजिङ्गर तल फालियो— त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।" प्रकाश १२:४-६, ९; "पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, २७ र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस.. ३२ यो एउटा गम्भीर रहस्य हो, अनि यो कुरा म ख्रीष्ट र मण्डलीको सम्बन्धमा बोल्दछु।"एफिसी ५:२५-२७,३२ र" ७ परमप्रभुको यो आदेश म घोषणा गर्नेछु, उहाँले मलाई भन्नुभयो, 'तिमी मेरा पुत्र हौ, आज मैले तिमीलाई जन्माएको छु। ८ मसँग माग, र म जातिहरूलाई तिम्रो उत्तराधिकार तुल्याइदिनेछु, र समस्त पृथ्वी तिम्रो निजी सम्पत्ति तुल्याइदिनेछु। ९ फलामको राजदण्डले तिमीले तिनीहरूमाथि शासन गर्नेछौ, र कुमालेको भाँड़ालाई झैं तिमीले तिनीहरूलाई चकनाचूर पार्नेछौ।" भजनसंग्रह २:७-९।**

**प्रतिकहरू:**

**अजिङ्गर------------------------**

**स्त्री-------------------------**

**पुरुष बालक...................**

**फलामको छडी----------------**

छडी प्रभुत्व र शासकको प्रतिक हो भनेर बाइबलले देखाउँदछ। फलामको छडी भनेर सम्बोधन गरेको अर्थ नभाँचिने, सर्बशक्तिमान र कसैले दमन गर्न नसक्ने शासकको प्रतिक हो। हामीले सामना गर्ने र त्योभन्दा बढि परीक्षाहरू येशूले सामना गर्नुभएको थियो, तर उहाँ ती सबैबाट विजेता भएर निस्कनुभएको थियो। सैतान हारेको शत्रु हो। येशूको जीवन, मृत्यु र पुनरुत्थानले येशूले सैतानमाथि विजय पाउनुभएको थियो। येशूले सैतानलाई कलभरीको क्रूसमा हराउनुभएकोले हामी पनि विजयी जीवन बिताउन सक्छौं। सैतानमाथिको येशूको विजय आँशिक नभएर पूरा थियो, तर ख्रीष्ट र सैतानको बीचमा भइरहेको भिषण संग्रामको अन्त्य भएको छैन।

तैपनि, जब विश्वासद्वारा ख्रीष्टलाई हामी अङ्गाल्छौं तब हाम्रा पापका ऋणहरू चुक्ता भएको हुन्छ र हाम्रा पापहरूबाट उहाँले क्षमा दिइसक्नुभएको हुन्छ। परमेश्वरको अगाढि हामी निर्दोष भएर खडा हुन्छौं र हामीलाई ख्रीष्टको धार्मिकताले छोपेको हुन्छ। यसलाई अझ प्रकाश पार्दै पाववले लेख्दछन्, "सम्पूर्ण रूपले म उहाँमा भएको पाउन सकूँ। व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो।" फिलिप्पी ३:९ रूपान्तरित। यदि हामीलाई क्षमा दिइयो भने हामीलाई दोष दिने कुनै विषय नै हुँदैन। पाप र दुष्टले उहाँलाई गर्नसम्म गर्न सकेको कार्वाहीलाई उहाँले सामना गरेर सदाको निम्ति जित्नुभएको थियो। उहाँले शत्रुलाई पूर्णरूपमै आक्रमण गरेर जित्नुभएको थियो। जब विश्वासद्वारा हामीले येशूलाई ग्रहण गर्छौं तब उहाँको विजयी हाम्रो पनि हुनसक्छ।

**सैतानमाथि येशूले विजय पाउनुभएकोले हामीलाई उपलब्ध भएको मुक्तिको आश्वासन हाम्रो निम्ति किन निर्णायक छ? पावलले फिलिपी ३:९मा लेखेको अनुसार त्यो हामीले पनि कसरी अनुभव हुनसक्छौं?**

## ३. येशूको विजयलाई ग्रहण गर्नु

बाइबलमा चित्रण गरेको अनुसार सैतानसँगको युद्धमा येशू कहिल्यै पनि हार्नुभएन। उहाँ शक्तिशाली विजेता वा योद्धा हुनुहुन्छ। उहाँले दुष्ट र खराब तत्वहरूपमाथि जित्नुभएको थियो। सैतानको सबै छलकपट र परीक्षाहरूबाट येशूले विजय पाउनुभयो भन्ने एक पक्ष हो भने; ख्रीष्टको त्यो बिजय हाम्रो पनि विजय हो भनेर विश्वास गर्नु अर्को पक्ष हो।

**प्रकाश १२:१० पढ्नुहोस्। तपाईंलाई "दोष दिनेलाई तल फ्याँकियो" भन्ने कथनले तपाईंलाई कस्तो साहस दिन सक्छ? हेर्नुहोस्, " तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ।"**

हुनत यस पृथ्वीमा युद्धक्षेत्र भएर घमासान संग्राम त भइरहेको छ, तर याद गर्नुहोस्, सैतान हारिएको शत्रु हो। यसको प्रमाण के हो त? मानव इतिहासको निर्णयक घडीमा येशूले बिजय पाउनुभएको तथ्य त छन् नि, तर हाम्रो जीवनमानै सैतानका शक्तिहरू र अधिकारहरूसँग जितेर टाउको माथि राखिरहन सक्नु नै त्यो विजयको प्रमाण हो। कतिपय इसाईहरू हारको जीवन

बिताइरहेका छन्। तिनीहरूले आफ्ना कुनै खराब बानी र मनस्थितिलाई जित्न आशा गर्दछन् तर तिनीहरूको जीवनमा ख्रीष्टले पाउनुभएको विजयको वास्तविकतालाई तिनीहरूले अझसम्म कहिल्यै बुझ्न सकेको छैन भनेर तिनीहरूले देखाइरहेकाछन्।

**हामीले बिजय पाएकाछौं भन्ने आश्वासन येशूले प्रकाश १२:११मा कसरी व्यक्त गरिएको छ? हेर्नुहोस्, " तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्।"**

सातवटा चर्चहरूलाई दिएका सन्देशहरूमा सात पल्ट "जसले जित्छ" भन्ने आश्वासन प्रकाशको पुस्तकमा उल्लेखित गरिएको छ। यहाँ प्रकाश १२:११मा जित्ने भन्न धारणा फेरि दिएको पाइन्छ। "जित्नु" भन्ने शब्द सुरुको भाषामा निकाओ nikao हो। यसको अक्षरस अनुवाद "बिजय प्राप्त गर्नु, सामना गर्न सक्नु, जित्नु वा विजयउल्लास भएर निस्कनु" गर्न सकिन्छ। हामी कसरी विजय पाउन सक्छौं भनेर प्रकाश १२:११मा केलाएर हेर्नुहोस्। "थुमाको रगतले" मात्रै हामी बिजय पाउन सक्छौं।

प्रकाश ५:६मा यूहन्नाले आफ्नो भविष्यवाणीको दर्शनमा स्वर्गमा उनको आँखा जान्छन् र "मारिएको जस्तो थुमालाई" उनले देख्छन्। सारा स्वर्ग र जगतको ध्यानको केन्द्रविन्दु नै येशू ख्रीष्टको बलि थियो। क्रूस जस्तो परमेश्वरको प्रेमको प्रदर्शन अरू कुनै विशिष्ट, उत्कृष्ट, अनन्त, असिम र नाप्न नसक्ने अरू केही छैन।

जब ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो भनेर हामीले विश्वासद्वारा ग्रहण गर्छौं, तब हाम्रो ऋण चुक्ता भइसकेको हुन्छ, र परमेश्वरको सामु सिद्ध र निर्दोष हुँदै निडरसाथ उभिरहेका हुन्छौं। हाम्रा पापहरू क्षमा भइसकेका हुन्छन् (कलस्सी १:१४, एफिसी १:७, कलस्सी २:१४) र "भाइहरूलाई दोष दिनेलाई तल फ्याँकिएको छ।" प्रकाश १२:१०। हामी उद्धार पाएका छौं, हामी विजेता हौं र मुक्ति पाएका छौं, तर हाम्रो कुनै असल काम, धर्मकर्म र प्रयासले होइन किनभने हाम्रो निम्ति येशूले बिजय पाउनुभएको थियो।

## ४. उजाड स्थानमा स्त्री

**प्रकाश १२:६ पढ्नुहोस् र त्यससँग प्रकाश १२:१४-१६ तुलना गर्नुहोस्। यहाँ दिएको समयको अवधि ध्यानदिएर पढ्नुहोस्। सैतानले स्त्रीलाई हमला गर्छ। त्यो स्त्री परमेश्वरको चर्च थियो। उहाँका जनहरूको निम्ति बन्दोबस्त गर्नुभएको थियो। ती पदहरूले केको बारेमा चर्चा गर्दैछन्? हेर्नुहोस्,**

**प्रकाश १२:६, "त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो।" र प्रकाश १२:१४-१६, "तर त्यस स्त्रीलाई त्यस सर्पको सम्मुखबाट उजाड-स्थानमा उड़ेर जानलाई ठूलो गरुडका दुई पखेटा दिइए। त्यो उजाड-स्थान साढ़े तीन वर्षसम्म त्यस स्त्रीको पालनपोषणको निम्ति तयार गरिएको थियो। त्यस स्त्रीलाई बाढ़ले बगाओस् भनेर त्यस सर्पले स्त्रीको पछि आफ्नो मुखबाट नदीजस्तै पानी निकाल्यो। र पृथ्वीले त्यस स्त्रीलाई सहायता गऱ्यो, र अजिङ्गरले आफ्नो मुखबाट निकालेको नदी पृथ्वीले आफ्नो मुख उघारेर निलिदियो।"**

प्रकाश १२:१४मा उल्लखे गरेको साढे तीन वर्ष वा समय, समयहरू र आधा समयसँग प्रकाश १२:६को १२६० दिन वा वर्षसँग मिल्दछ। यही समयको बारेमा गरेको भविष्यवाणी दानिएल ७:२५, प्रकारश ११:२,३ र प्रकाश १३:५मा पनि छन्। यहाँ लेखिएको स्त्री र समय भविष्यवाणीको प्रतिकहरू हुन् (वास्तविक पखेटाहरू भएको स्त्री उजाड स्थानमा गएकी थिइन)। समयको मामिलामा हामीले एक दिनको बराबर एक वर्ष भनेर हामी प्रयोग गर्छौं (गन्ती १४:१३ र इजकिएल ४:४-६)। त्यसको अर्थ भविष्यवाणीमा एक दिनको बराबर एक वर्ष ठहरिन्छ। प्रकाश ११:२मा उल्लेख गरेको समयको बारेमा *आन्द्र्यू युनिभर्सिटी बाइबल स्टडी गाइडमा* यसरी बताइएको छ, "बाइबलका विद्धानहरूमा ऐतिहासिक विद्वानहरूले १२६० दिनको भविष्यवाणीका दिनहरूलाई १२६०को अझरस वर्षहरू हुन् भनेर बुझेका छन्। यो समय सन ५३८देखि सुरुभएर १७९८मा अन्त्य भएको थियो" (प्रकाश ११:२को टिप्पणी, पृ. १६७४)। त्यस सन ५३८देखि १७९८को अवधिभित्र इसाई भनेर दावी गर्ने भ्रष्ट चर्चसँग मिलेर भ्रष्ट सरकाले परमेश्वरका विश्वासहरूलाई दवाएका थिए, सतावट र यातना दिएका थिए र आम हत्या गरेका थिए।

बाइबल र बाइबलमात्र विश्वास गर्ने इसाईहरूलाई भयानक आक्रमण गर्ने सैतानको चाला असल र खराबको बीचमा भएको युद्धको विस्तार थियो। विश्वको इतिहासमा सन ५३८देखि १७९८लाई अन्धकार युग भनिन्छ। त्यस अन्धकार युगमा नै इसाई सुधारवादीहरूको उदय भएको थियो र पुरुष र स्त्रीहरू भ्रष्ट चर्चको पक्षमा उभिने कि बाइबलको सत्यमा उभिने भन्न् निर्णय गर्नुपरेको थियो। के तिनीहरू परमेश्वरको वचनमा विश्वास गरेर अडिग हुने कि रोमन क्याथोलिक चर्चको पुजारी वा फादर र बिशप तथा पोपको शिक्षाहरूलाई अङ्गालेर बस्ने भन्ने निर्णयमा ती इसाईहरूलाई पारेका थिए। एक

फेरा फेरि सत्यको विजय भयो, र भयानक विरोधको बावजुद पनि परमेश्वरलाई विश्वास गर्ने विश्वासमा अडिग हुने निष्ठावानहरूको अस्तित्व मेटिएको थिएन।

माथिका ती पदहरूमा परमेश्वरको हेरचाहकव बारेमा केही आकर्षित, रोचक र अत्यन्तै उत्साह दिने भावनाहरू व्यक्त गरेका छन्। विशेष गरेर प्रकाश १२:६मा व्यक्त गरिएको उल्लेखनीय छ, "परमेश्वरले ठाउँ तयार पार्नुभएको थियो" (रूपान्तरित)।

प्रकाश १२:१४ उजाडस्थानमा स्त्रीको भरपोषण गरिएको थियो भनेर उल्लेख गरिएको छ भने, प्रकाश १२:१८मा "पृथ्वीले त्यस स्त्रीलाई सहयोग गऱ्यो" भनेर उल्लेख गरिएको छ। अत्यन्तै कठोर सतावतको समयमा परमेश्वरले उहाँको चर्चलाई हिफाजत गर्नुभएको थियो। जसरी उहाँले त्यसबेला गर्नुभयो त्यसरी नै युगको अन्तमा रहने परमेश्वरका बचेखुचेका सन्तान वा जसले उहाँका आज्ञाहरू पालन गर्छन् र येशूको गवाही हुन्छ, तिनीहरूलाई पनि उहाँले हिफाजत गर्नुहुनेछ।

**तपाईं आफ्नै जीवनमा अत्यन्तै कठिन परिस्थिति भोगिरहेको समयमा र सजिलैसँग निराश हुनसक्ने समयमा परमेश्वरले तपाईंलाई आश्रय कसरी उपलब्ध गराउनुभएको थियो र कसरी सहयोग गर्नुभएको थियो सो समिक्षा गर्नहोस्। तपाईंलाई अत्यत्यनै आवश्यक भएको बेलामा परमेश्वरले कसरी हिफाजत गर्नुभयो?**

## ५. युगको अन्तमा बाँकिरहेका परमेश्वरका जनहरू

स्वर्गमा सैतानले बिद्रोह गरेदेखि नै उसले सैतान र परमेश्वरका जनहरूसँग संग्राम गर्दैछ (प्रकाश १२:७)। यस पृथ्वीमात्र होइन सारा जगत नै आफ्नो पार्ने (यशैया १४:१२-१४) सैतानको लक्ष्य हो। पृथ्वीको इतिहासको अन्त्यमा उसको ध्यान परमेश्वरका जनहरूतिर केन्द्रित भइरहेको छ। प्रकाश १२:१७ले जोर गरेर यो भन्दछ कि अजिङ्गर अर्थात् सैतान स्त्री अर्थात चर्चसँग अति क्रुद्ध भयो र उनका बाँकिरहेका सन्तानसँग भिषण युद्ध गर्न गयो। यो बाँकि सन्तान पा वचेखुचेको भन्ने अभिव्यक्ति किङ्ग जेम्समा द रेमनेन्ट "the remnant" भनेर उल्लेख गरिएको छ। यस संसारमा करौडौं इसाईहरू होलान् तर बाँकि सन्तान भन्नाले तिनीहरूमात्रै हुन् जो ख्रीष्टप्रतिको निष्ठामा अडिग हुन्छन्, सत्यलाई पालन गर्छन् र उहाँको मिशन वा लक्ष्यप्रति विश्वासीलो हुन्छन्।

**प्रकाश १२:१७ पढ्नुहोस्। परमेश्वरको बाँकि सन्तान अर्थात् उहाँको अन्तिम दिनको** चर्चका **स्वभाव वा चरित्र कस्ता छन् भनेर त्यस पदले बताउँदछ?** हेर्नुहोस्, **" तब त्यो अजिङ्गर त्यस स्त्रीसँग क्रोधित भयो, र त्यसका बाँकी सन्तानसँग युद्ध गर्न गयो' अर्थात् तिनीहरूसँग, जुनहरूले परमेश्वरका आज्ञाहरू पालन गर्दछन्, र येशूको गवाही दिन्छ।"**

परमेश्वरको चर्च वा स्त्रीसँग सैतान वा अजिङ्गर क्रोधित भयो भनेर प्रकाश १२:१७ले बताउँछ। परमेश्वरका आज्ञाहरू पालन गर्नेहरूप्रति सैतान रिसले बहुला भएको छ। र तिनीहरूलाई नाश गर्न उसले सकेसम्म सबै अस्त्र प्रयोग गर्नेछ।

परमेश्वरका आज्ञा नमान्ने वा दश आज्ञालाई पालन गर्नु नपर्ने भनेर सिकाउने प्रोटेस्टेन्ट वा सुधारवादी चर्चहरू, क्याथोलिक चर्च र संसारका शासकहरूलाई परमेश्वरका बाँकि सन्तानको खिलाफमा ऐन पास गर्न लगाउँदछन्। त्यस ऐनमा परमेश्वरप्रति बफादार हुनेहरूले न त किन्न सक्छन् न त बेच्न सक्छन् भन्ने कानुन हुन्छ। त्यतिमात्र नभएर तिनीहरूलाई झ्यालखानमा हाल्ने र मार्न समेत उर्दी लेखिएको हुन्छ (प्रकाश १३:१४-१७ पनि पढ्नुहोस्)। यदि सैतानले येशूलाई नाश गर्न सकेन भने उहाँको अती प्यारो चर्चलाई सत्यानाश गर्न उसले खोज्छ। याद गर्नुहोस्, कतिपय इसाई भनाउँदाहरूले नै सिकाएको पृथ्वीमा हुने अन्तिम युद्ध मध्य पूर्व एशिया- इस्राएल, इराक, इरान, मिश्र, अरब देश आदि देशहरूमा र अहिले ती देशहरूमा भएका विभिन्न द्वन्द्व होइन। तर विश्वभरी फैलिएका परमेश्वरका जनहरूको विरुद्धमा यो युद्ध केन्द्रित छ। यस युद्ध दुई प्रतिद्वन्दी शक्तिहरूको बीचमा हुने हो। ती शक्तिहरू ख्रीष्ट र सैतान हुन्। फेरि यस युद्धमा कोही मानिस पनि ततस्थ रहँदैन।

यस अन्तिम युद्धको मूख्य प्रस्न त यो हो, "हाम्रो निष्ठा कोसँग छ? हामी कस्को पक्षमा उभिन प्रतिबद्धता छ?" ख्रीष्टको प्रेमले सुसज्जित र आकर्षित भएकाहरू, उहाँको अनुग्रहले मुक्ति पाएकाहरू, उहाँको लक्ष्यमा समर्पित हुनेहरू, उहाँको पवित्र आत्माले शक्तिसम्पन्न भएकाहरू र उहाँका आज्ञाहरूलाई पालन गर्न अडिग हुनेहरू उहाँको निम्ति ज्यान दिन पनि तयार हुन परमेश्वरले आह्वान गर्नुहुन्छ।

हाम्रो संसार ठूलो र मूख्य संङ्कटमा अघि बढिरहेको छ। तर येशूमा, येशूद्वारा, येशूले र येशूकै कारणले विजय हाम्रो हुनेछ भने हामीलाई आश्वासन दिइएको छ। तर उहाँलाई विश्वासद्वारा पक्रिराख्नुपर्दछ र त्यस विश्वासले उहाँका आज्ञाहरू पालन अग्रसर भइरहनुपर्दछ। विजय हाम्रो हुनेछ। यथार्थमा

भन्ने हो भने येशूलाई चुनेर सैतानसँग लड्ने कि नलड्ने भन्ने आत्मनिर्णयको स्वतन्त्रता हामीलाई नै दिइएको छ।

**तपाईंको आफ्नै जीवनमा र इसाई अनुभवमा प्रकाश १२:१७को वास्तविकता कसरी भइरहेको छ? अर्थात् येशू र सैतानको बीचमा भइरहेको महान् संघर्षको थलो तपाईंकै जीवन पनि भएको कसरी पाउनुभएको छ?**

**उपसंहार:**

**थप जानकारी:** केही हदसम्म हामी तर्क गर्न सक्छौँ कि परमेश्वरले रोज्ने बाटो थिएन: यदि उहाँले उहाँलाई र अरूहरूलाई पारस्परिक प्रेम गर्ने जीव चाहनुहुन्छ भने उहाँले त्यो प्रेम गर्न स्वतन्त्र भएको जीवको सृष्टि गर्नुपर्थ्यो । यदि तिनीहरू स्वतन्त्र भएन भने तिनीहरूले प्रेम गर्न सक्दैनन्, र प्रेम बिना हाम्रो जगत कस्तो होला ? कस्तो होला भन्ने कुरामा कुनै मानिसहरूले यो सोचेका थिए: हामी स्वतन्त्र दिमाग बिनाको यान्त्रीक मानव हुनेछौँ हामीलाई रोज्न नदिएको कडा नीति नियम र त्यसको असरमा हामी पर्नेछौँ। हामीमा आत्मनिर्णयको स्वतन्त्रता हुनेछैन । हामीले चाहेको कुरा रोज्न पाउँदैनौ । हामी केवल भौतिक विज्ञानले मिलाएर अणु र परमाणुको उपज हाड, छाला र रगतले पोको पारेको मानव हुनेछौँ। यदि हामी कम्प्युटरको माध्यमबाट चल्ने वा कम्प्युटरको प्रोग्राममा चल्ने मानिस हुनु के हाम्रो चित्रण मिठो छ त ? हामी जे हुनुपर्ने हो त्यस चित्रणले देखाउँदैन। हाम्रा बाबुआमा, छोराछोरी, हाम्रा श्रीमान वा श्रीमतीसँगको प्रेम केवल अणुहरूलाई जम्मा गरेर मिलाएर ठिक्क पारेको भनेर सोच्न हामीमध्येमा को चाहन्छ र ?

"प्रेमको नीति परमेश्वरको शासनको आधारभूत जग हो। धार्मिकताका महान् नीतिहरूसँग सिद्धरूपमा मिलोमत्तो वा तालमेल गरेर चल्न सक्नु नै प्रत्येक बौद्धिक प्राणीको आनन्द र खुशियाली हो । परमेश्वरको चरित्रप्रति सराहना गर्दै उब्जेको प्रेम र सेवा गर्ने भावना उहाँका सबै प्राणीहरूमा भएको उहाँ चाहनुहुन्छ । कसैको आत्मनिर्णय बिना उहाँको आज्ञालाई जबरजस्ती पालन गरेकोमा उहाँ रमाइलो मान्नुहुन्न । सबैलाई उहाँले आत्मनिर्णयको स्वतन्त्रता दिनुभएको छ । सबैले स्वइच्छाले उहाँको सेवा गरुन् भन्ने उहाँको चाहना हो।

"जबसम्म जगतका सृष्टि गरिएका जीवहरूले उहाँको प्रेमलाई स्वीकारेर उहाँप्रति बफादार भएर बसेका थिए तबसम्म सारा जगतमा सिद्ध तालमेल थियो र एकै सुरमा चलेको थियो । तिनीहरूको सृष्टिकर्ताको लक्ष्यलाई पूरा गर्नु सारा जगतको जीवहरूको आनन्द थियो । परमेश्वरको महिमालाई प्रतिबिम्ब गर्न र उहाँको प्रशंसा गर्नुमा नै सारा जगतको आनन्द थियो। जब परमेश्वरप्रतिको प्रेम तिनीहरूको सर्वोच्च थियो भनि एक आर्काप्रतिको प्रेम निस्वार्थी र विश्वास दिलाउन सक्ने थियो। एउटा पनि बेसुर धुनले सारा विश्वब्रम्हान्डको तालेमेलमा बिगार आएको थिएन।" -एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफे□स्*, पृ. ३४,३५ बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. युगको अन्तमा आउने द्वन्द्वको परिवेशमा प्रकाश १२ किन तीन स्वर्गदूतहरूको सन्देशको परिचय दिन्छ?

आ. आज तपाईंले सामना गरिरहनुभएको परिक्षाहरू र दुःखकष्टहरूमा प्रकाश १२ ले तपाईंलाई कसरी आश्वासन दिन्छ?

इ. कतिले भन्छन् कि हाम्रो बानी व्यहोरा आदिमा हाम्रो बंश र वातावरण निर्णयाक भूमिका खेल्दछ। के तपाईं यसमा सहमत हुनुहुन्छ कि असहमत? हाम्रो व्यवहार, आचरण र आनीबानीमा हाम्रो स्वविवेकको स्वतन्त्रताको भूमिका कस्तो छ? हाम्रो निर्णि र हाम्रो जीवनमा परमेश्वरले परिचालन गर्नुहुने शक्तिसँग के सम्बन्ध छ?

# कथा १

## असल मानिसहरू खोइ त?

## मखाइ, रोमानिया



मखाइका बाबु आमाहरू असल भएकोले नै तिनीहरूले आफ्नो छोरालाई पनि असल र भलादमी हुन सिकाएका थिए। उनका बाबुआमा सबैलाई आदर गर्दथे। तिनीहरूको बोलीबचन मिठो थियो। तिनीहरूले कहिल्यै पनि खराब शब्दहरू मुखबाट निकाल्दैनथे। तिनीहरू परिश्रमी पनि थिए। सुरुमा तिनीहरू गरिब थिए। तर तिनीहरू धेरै मेहनती भएकोले तिनीहरूले रोमानियमा ठूलो बारीको धनी हुन पुगेको थियो। आफ्नो बारीबाट रक्सी बनाउने फलफूलहरू उमारेर बेचेतापनि तिनीहरूले कहिल्यै पनि रक्सी पिउँदैनथे।

मखाइले बाबुआमाको अनुसरण गरेका थिए। उनले सबैलाई सम्मान गर्दथे। उनको बोलीवचन मिठास थियो। उनले कसैलाई पनि अपशब्द बोल्दैनथे। उनी मद्यपान र धुम्रपान गर्दैनथे। एक आपसलाई सम्मान गर्नेहरूको बीचमा रहन उनी मन पराउँदथे। मद्यपान र धुम्रपान नगर्ने र अपशब्द नबोल्ने मानिसहरूको बीचमा रहन चाहन्थे। तर आजको संसारमा ती खालका मानिसहरू पाउन त्यति सजिलो छैन।

मखाइ कोइला खानीमा काम इन्जिनियरको रूपमा काम गर्दथे। त्यहाँ ती असल आनीबानी भएका मानिसहरूसँग सङ्गत गर्न चाहन्थे। तर त्यस खानीमा काम गर्नेहरूले एक आपसमा छाडा बोली बोल्दथे र रक्सी पिउँथे।

आइतबार चर्चमा जान्दा उनलाई रमाइलो हुन्थ्यो। त्यहाँ पनि असल र भलादमी मानिसहरूको खोजी उनले गर्दथे। तर इसाई भनेर दावी गर्नेहरू पनि एक आपसमा आदर नगर्ने, अपशब्द बोल्ने र रक्सी खानेले गर्दा उनी निराश हुन्थे। चर्चको फादरलाई आफू निराश भएको उनले सुनाएका थिए। "चर्चमा राम्रो मानिस भएको भेट्टाउन चाहन्छु," उनले भने। फादरले उत्साह दिएर चर्चमा आउन नछोड्नु भनेर हौशला दिए।

तर केही समयपछि मखाइ चर्चमा जान आवश्यक नभएको महसुस गरे। चर्चकै इसाई भनाउँदाहरूको जीवनशैली देखेर उनी निराश भएका थिए।

काममा आफ्ना बाबुआमाले सिकाएका नीति अनुसार चल्न उनी अडिग भएका थिए। उनी सबैसँग मिलनसार थिए र कसैलाई गालीगलौज गर्दैनथे। अरूहरूले उनलाई रक्सी पिउन उक्साएपनि उनी पिउँदैनथे। सबैले उनलाई असल अगुवाको रूपमा हेर्दथे। उनी कम्पनीको निर्देशक भए र हजारौं कर्मचारीहरू उनको खटनमा थिए। आफ्नो जीवनशैलीलाई मन पराउने मानिस आफ्नो कर्मचारीहरूमा भेट्ने उनको चाहना थियो, तर उनले कसैलाई देखेनन्। कोही कर्मचारीप्रति उनी प्रभावित भएनन्। कोही पनि उनले अपेक्षा गरेको अनुसार चलेको थिएन।

आफ्नो कामको सफल यात्रा पछि उनी क्रेओभा सहरमा अबकास लिएर बसे। यो सहर रोमानियाको राजधानी बुखारेस्टबाट १४० माइल अर्थात् २३० किलोमिटिर पर पर्छ। आफ्नो अन्तिम सुनौलो वर्ष रमाइलो गरेर बिताउने उनको इच्छा थियो। तर उनी अवकास पाएको दुई हप्तापछि उनलाई पक्षाघात भयो र अस्पतालमा भर्ना हुनुपर्‍यो।

केही समयपछि उनी आफ्नो घर फर्के र आफ्नो जीवनलाई पुनर्निर्माण गर्न प्रयास गरे। प्रत्येक बिहान उनी आफ्नो घरबाट बाहिर कसरत गर्दथे।आफ्नो खुट्टा र पाखुराहरूलाई फेरि बलियो बनाउन चाहन्थे। उनको निम्ति यो गार्‍हो नै थियो। पक्षाघातले गर्दा उनको दर्द ठूलो थियो र उनी बराबार रुँथे।

एक जना छिमेकी गाब्रिएलले उनी  घरबाट बाहिर कसरत गरिरहेको देखेको थियो। त्यस छिमेकीले उनको निम्ति गोप्यरूपमा प्रार्थना गर्न थाले। ती दुई व्यक्तिहरू एक आपसलाई देखेतापनि कहिल्यै पनि बोल्दैनथे। गाब्रिएलले हरेक दिन मखाइको निम्ति प्रार्थना गर्दथे। मखाइलाई आत्मिक र शारीरिक बल देउन् भनेर गाब्रिएलले प्रार्थना गर्दथे।

तीन हप्तापछि गाब्रिएल मखाइको घरमा सुरो भएर गए र आफूलाई परिचित गराएर बाइबल अध्ययन गर्ने र प्रार्थना गर्ने सानो झण्डमा आउन अनुरोध गरे।

सानो झुण्डको अगुवालाई मखाइले मन पराउन थाले। त्यस झुण्ड एक आपसलाई आदर गर्दथे, तिनीहरूको बोलीवचन असल थियो र तिनीहरू रक्सी पिउँदैनथे। उनको जीवनभर त्यही खालका मानिसहरूलाई उनले खोज्दै

थिए। उनले बाइबल अध्ययन मन पराए र तिनीहरूबाट परमेश्‍वरको प्रेमलाई चिन्न थाले।

आज मखाइ क्रेइओभामा भएको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा प्रत्येक साबथ जान्छन्।

"एक आपसलाई आदर गर्ने, दयालु मानिसहरू मैले खोजिरहेको थिएँ। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा त्यस्ता धेरै मानिसहरू देखेकोले म प्रभावित भएको छु। तिनीहरू जाँड रक्सी पिउँदैनन् र एक आपसमा अपशब्द बोल्दैनन्। त्यसैकारण आजमा चर्चमा छु।"

शारीरिक स्वस्थतापछि बप्तिस्मा लिने उनको अठौत छ। उनको छिमेकी गाब्रिएल उनको घनिष्ठ मित्र भएको थियो। ती दुई साथीहरू सँगसँगै धेरै समय बिताउँदथे।

आफूले चाहेको अनुसार अवकासको जीवन रमाइलो गर्न नपाइकोमा उनी दुःखी छन्। उनी असक्त छन्। तर उनी गुनासो गर्दैनन् किनभने उनले अहिले परमेश्‍वरलाई चिनेको छ।

"म यस्तो अशक्त भएतापनि म परमेश्‍वरलाई धन्यवाद दिन्छु।" मुस्कुराएर यस लेखकलाई मखाइले बताउँदछन्।

-आन्ड्र्यु मेकचेस्नी